म.जि. प्र. का. द.नं. : १७६/०६८, वर्ष ११, अंक १२७ बुधवार, २९ मंसिर २०७८ द्वादशी ने. सं. ११४२ बिंलाथ्व 15 December, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बालिका बलात्कार गर्नेलाई १८ बर्ष कैद

साझाकुरा संवाददाता

हेटौंडा/जिल्ला अदालत मकवानपुरले बालिकालाई बलात्कार गर्नेलाई १८ बर्ष कैद सजायको फैसला गरेको छ ।

अदालतले बालिकालाई बलात्कार गरेको ठहर गर्दै मकवानपुरका एक युवकलाई १८ वर्ष कैद फैसला गरेको हो । जिल्ला न्यायाधीश दिल्लीरत्न श्रेष्ठको एकल इजलासले सोमबार हेटौंडा उपमहानगरपालिका-१५ का २६ वर्षीय निसान भन्ने सोमबहादुर थिङलाई १३ वर्षीया बालिका बलात्कर गरेको ठहर गर्दै उक्त फैसला गरेको हो ।

अदालतले बालिकालाई पीडकबाट एक लाख रुपैयाँ क्षतिपूर्ति भराउने आदेश पनि जारी भएको छ । थिङले २०७७ कार्तिक ७ गते राती बालिकालाई आफ्नै घरमा ल्याएर बलात्कार गरेका थिए । बालिका पढ्नका लागि फुपुको घर बस्दै आएकी थिइन् ।

फुपू र थिङको घर नजिकै रहेको छ । उनले बालिकालाई विवाह गर्छु भनेर फकाएर बलात्कार गरेका थिए । थिङको पत्नी रोजगारीका लागि विदेश गएकी छिन् । थिङ भीमफेदी कारागारमा छन् ।

# बागमती प्रदेशमा थपिए पाँच मन्त्री र एक राज्यमन्त्री

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डेले मन्त्रिपरिषद् विस्तार गरेका छन् । उनले मंगलबार तेस्रो पटक मन्त्रिपरिषद् विस्तार गरेका हुन् ।

सत्तारुढ गठबन्धन रहेका दलमध्ये माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी)बाट मन्त्री र राज्यमन्त्री नियुक्त गरिएको छ । माओवादी केन्द्रबाट तीन मन्त्री एक राज्यमन्त्री र नेकपा एसबाट दुई जना मन्त्री नियुक्त भएका हुन् । पाण्डेले मन्त्री र राज्यमन्त्री नियुक्त गरेसँगै मंगलबार नै प्रदेश प्रमुख यादवचन्द्र शर्माले सपथ ग्रहण गराएका छन् ।

माओवादीका घनश्याम दाहाल श्रम रोजगार तथा यातायात, नेकपा एसका बसन्तकुमार मानन्धर खानेपानी उर्जा तथा सिंचाई, नेकपा एसका बसुन्धरा हुमागाईं कृषि तथा पशुपन्छी, माओवादी केन्द्रका बिशाल खड्का वन तथा वातावरण, माओवादी केन्द्रका रत्नप्रसाद ढकाल युवा तथा खेलकुद मन्त्री नियुक्त भएका छन् भने, नेकपा एसकी इन्द्रमाया गुरुङ कृषि तथा पशुपन्छी राज्यमन्त्री बनेकी छन् ।

उनलाई मुख्यमन्त्री राजेन्द्र पाण्डेले सपथ गराएका हुन् । बागमतीमा मंसिर १५ गतेको मन्त्रिपरिषद्को निर्णयबाट अनुसार आठ वटा मन्त्रालय फुटाएर १४ वटा बनाइएको छ । सत्तारुढ गठबन्धनमा रहेका माओवादी केन्द्र, नेपाली कांग्रेस र नेकपा एसमा भागबन्डा मिलाउन दलहरुको सहमतिमा मन्त्रालय फटाइएको हो ।

कात्तिक ११ गते चार सदस्यीय मन्त्रिपरिषद् गठन गरेका पाण्डेले कात्तिक २५ गते पुनः दुई जनालाई मन्त्री बनाएका थिए । पहिलो चरणमा कांग्रेस संसदीय दलका उपनेता कृष्णलाल भँडेललाई भौतिक पूर्वाधार, माओवादी संसदीय दलका उपनेता कुमारी मोक्तानलाई सामाजिक विकास मन्त्रालय र नेकपा (एस) संसदीय दलका उपनेता खनालालाई आन्तरिक मामिला मन्त्री बनाइएको थियो ।

दोस्रो चरणमा माओवादीबाट शालिकराम जम्मकट्टेलाई आर्थिक मामिला तथा योजना र कांग्रेस सांसद निमा लामालाई स्वास्थ्यमन्त्रीको जिम्मेवारी दिइएको थियो । गठबन्धनमा रहेका माओवादी र कांग्रेसलाई खुसी पार्न ८ वटा मन्त्रालयलाई विभाजन गरेर मुख्यमन्त्री पाण्डेले १४ वटामा बनाएका छन् ।

## संचारकर्मीलाई दोस्रो पटक प्रवेशमा रोक

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशका मन्त्रीहरुको सपथ ग्रहणमा संचारकर्मीहरुलाई प्रवेशमा रोक लगाइएको छ ।

मंगलबार प्रदेशको मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले पाँच मन्त्री र एक राज्यमन्त्री थप गरेका थिए । पाण्डेले थपेका मन्त्रीहरुको सपथ ग्रहणमा पत्रकारहरुलाई प्रवेश गर्न रोक लगाइएको हो ।

यसअघि प्रदेशको मुख्यमन्त्री अप्टलक्ष्मी शाक्यको सपथग्रहणमा पनि संचारकर्मीहरुलाई प्रवेश गर्न रोक लगाइएको थियो । मंगलबार पनि साँझ ५ बजेको लागि राखिएको सपथग्रहणमा पत्रकार हरुलाई प्रवेश गर्न दिइएको छैन । प्रदेश प्रमुख कार्यालयमा सपथ ग्रहण कार्यक्रमको समाचार संकलन गर्न आएका संचारकर्मीहरुलाई प्रदेश प्रमुखले रोक लगाएको भन्दै सपथ ग्रहण स्थलमा प्रवेश दिइएको थिएन ।

सरकारी मिडियाको सीमित पत्रकारलाई मात्रै प्रवेश गर्न दिएर निजि मिडियाका पत्रकारलाई प्रवेशमा रोक लगाएको भन्दै संचार कर्मीहरुले विरोध गरेका थिए । संचारकर्मीहरुलाई बाहिर राखेरभित्र सपथ ग्रहण कार्यक्रम गरिरहेको भन्दै उनीहरुले प्रदेश प्रमुख र बागमती प्रदेश सरकारको विरोध गरेका छन् ।

नेपाल पत्रकार महासंघ मकवानपुरका निवर्तमान अध्यक्ष हरि हुमागाईंले सपथ ग्रहणमा सन्चारकर्मीलाई प्रवेश गर्न रोक लगाएर प्रदेश प्रमुख संचार कर्मीहरुसँग डराएको बताए । उनले पटक-पटक संचारकर्मीलाई प्रदेश प्रमुख कार्यालयमा समाचार संकलन गर्न जान रोक लगाएको भन्दै विरोध जनाए ।

## बेकरीको मूल्य बढाउने तयारी

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा रहेका बेकरी उद्योगी व्यवसायीहरुले बेकरीको मुल्य बढाउने तयारी गरेका छन् ।

बेकरी बनाउन प्रयोग हुने कच्चा पदार्थको मुल्यवृद्धि भएपछि बेकरीमा पनि मुल्य बढाउन लागिएको जनाइएको छ । आगामी पुसको पहिलो हप्ताबाट मकवानपुर मा बेकरीको मूल्यबृद्धि हुने भएको हो । हेटौंडामा भएको बेकरी उद्योगी व्यवसायीहरुको भेलाले मुल्यवृद्धि गर्ने निर्णय गरेको मकवानपुर बेकरी उद्योग संघका सचिव राजेन्द्र सापकोटाले बताए ।

मुल्यवृद्धिपछि ठुलो पाउरोटी प्रति प्याकेट ६० रुपैंया, मध्यम ४० रुपैंया, सानो २५ रुपैंया मूल्य पर्ने भएको छ । पपलाई प्रति प्याकेट ६० रुपैंया, बिस्कुट प्रति प्याकेट ६० रुपैंया, क्रिमरोल (४ पिस) ६० रुपैंया, बन पाउरोटी (६ पिस) ६० रुपैंया, दुनोट (६ पिस) ६० रुपैंया तोकिएको संघले जनाएको छ । मकवानपुरमा करिब २ दर्जन साना ठुला गरी बेकरी उद्योग रहेको जनाइएको छ ।

बेकरीको हरेक आइटममा ५ देखि १० रुपैंयासम्म मूल्यबृद्धि हुने मकवानपुर बेकरी उद्योग संघका सचिव सापकोटाले बताएका छन् । 'कच्चा पदार्थमा मूल्यवृद्धि भएपछि आफुहरुले बाध्य भएर मूल्यबृद्धि गर्नुपरेको हो ।,' उनले भने ।

## ११ दिनमा ३ हजार मतदाता बढे

हेटौंडा/जिल्ला निर्वाचन कार्यालय मकवानपुरले मतदाता नामावलीमा नाम दर्ता गराउन आव्हान गरेको ११ दिनमाको अवधिमा मकवानपुर जिल्लामा ३ हजार १ सय ९७ जनाले नाम दर्ता गराएका छन् ।

मंसिर १७ गतेबाट पहिलो चरणमा हेटौंडा उपमहानगर सहित बकैया, मकवानपुरगढी, भीमफेदी, इन्द्रसरोवर र मनहरी गाउँपालिकामा नाम दर्ता गराउन सुरु गरिएको हो ।

## अनेम संघ (समाजवादी) प्रदेश अध्यक्षमा मकवानपुरे नेता मुनु चयन

साझाकुरा संवाददाता

हेटौंडा/अखिल नेपाल महिला संघ (समाजवादी)को बागमती प्रदेश कमिटी घोषणा गरेको छ ।

संघले मकवानपुरे नेता तथा नेकपा (एकीकृत समाजवादी) बागमती प्रदेश संसदीय दलकी प्रमुख सचेतक मुनु सिग्देलको अध्यक्षतामा १ सय ५१ सदस्यीय प्रदेश कमिटी घोषणा गरेको हो ।

अनेम संघले सोमबार काठमाडौंमा बसेको बैठकमा कमिटी घोषणा तथा सपथ ग्रहण गरिएको थियो । बैठकमा अनेमसंघ समाजवादीको अध्यक्ष एवं नेकपा एकीकृत समाजवादीको उपाध्यक्ष जयन्ती राईले सदस्यलाई सपथ गराएकी थिइन् ।

कमिटी एक सय ५१ सदस्यीय रहेको अध्यक्ष सिग्देलले जानकारी दिइन् । अध्यक्ष सिग्देलले संघ गर्ने कार्ययोजना समेत प्रस्तुत गरेकी थिइन् ।

बैठकलाई सम्बोधन गर्ने क्रममा प्रमुख अतिथि राइले नेकपा (एकीकृत समाजवादी) गठनका कारण र अनेमघले गर्नु पर्ने कामका बारेमा जानकारी गराइन् । नेकपा एमालेमा ओलीको स्वेच्छाचारी र व्यक्तिवादी शैली हावी भएकले आफूहरुले बिद्रोह गरेको राइले बताइन् । 'अहिले पनि महिलाहरु अनेक प्रकारका समस्या र हिंसाबाट पीडित छन्, अनेमसंघ (समाजवादी)ले महिलाका सबै प्रकार का विभेद र हिंसाका विरुद्ध अगुवाइ गर्दै महिलालाई राजनीतिक रुपमा संगठीत गर्नुपर्छ,' राइले भनिन् ।

त्यस्तै बैठकमा सोही पार्टीका उपाध्यक्ष एवं बागमती प्रदेशका इन्चार्ज केदार न्यौपाने र बागमती प्रदेशका पार्टी अध्यक्ष सावित्रा भूसालले पनि सम्बोधन गरेका थिए । सम्बोधनका क्रममा उनीहरुले पनि पार्टी निर्माण र महिलाका विषयमा प्रशिक्षण तथा घोषित कमिटीलाई शुभकामना दिएका दिए । घोषित प्रदेश कमीटीको उपाध्यक्षमा शान्ता पौडेल र कमला श्रेष्ठ, सचिवमा संगीता पाखिन, उपसचिवमा शान्ता पाखिन र कोषाध्यक्षमा पार्वती सिलवाल छन् ।

## मकवानपुरमा ३ जना कोरोना संक्रमित थपिए

साझाकुरा संवाददाता

हेटौंडा/कोरोना संक्रमणको जोखिममा रहेको मकवानपुरमा मंगलबार थप ३ जनालाई कोरोना संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य कार्यालय मकवानपुरले दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा ३ जनामा संक्रमण देखिएको हो । १९ जनामा पीसीआर परीक्षण गर्दा २ जना र ३ जनामा एन्टीजेन विधिबाट परीक्षण गर्दा १ जनामा संक्रमण देखिएको हो । कोरोना संक्रमण देखिएका २ जना हेटौंडा उपमहानगरपालिका र एक जना मनहरी गाउँपालिका बसोबास गर्ने छन् । स्वास्थ्य कार्यालयका अनुसार मंगलबार २ जना संक्रमित मुक्त भएका छन् ।

संक्रमणबाट मुक्त हुनेमध्ये एक होमआइसोलेसनमा बस्दै आएका थिए भने अर्का संस्थागत आइसोलेसनमा बसेका थिए । जिल्लामा सक्रिय संक्रमितको संख्या ४६ पुगेको स्वास्थ्य कार्यालयले जनाएको छ । होम आइसोलेसनमा मात्रै ४५ जना बसेका छन् भने १ जना संस्थागत आइसोलेसनमा उपचार गराइरहेका छन् । मकवानपुरमा जिल्लामा हालसम्म कोरोनाको कारण १ सय ६७ जनाको मृत्यु भएको स्वास्थ्य कार्यालयको तथ्यांकमा उल्लेख छ ।

**कर्मचारी आवश्यकता**

नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै लोकल कुखुराको लगायत मासुको आइटम स्वाद लिइ हेटौंडा-३, बसामाडि स्थित सञ्चालनमा रहेको यस होटलको लागि निम्न बमोजिमका कर्मचारीहरु आवश्यक परेको हुँदा सम्बन्धित काममा दक्ष तथा अनुभवीले तुरुन्त सम्पर्क गर्नुहोला ।

तपशिलः
वेटर- १ जना,
कुक- १ जना,
हेल्पर १ जना

तलब/सुबिधाः आपसी समझदारीमा तय गरिनेछ ।

**होटल म्याक्स**
हेटौंडा-३, बसामाडी,
मो.नं. ९८४५०२५७२७

पत्रिका नआएमा तुरुन्त ०५७-५२१११५ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।
हामी तपाईको घरदैलोमा पत्रिका पुऱ्याउने छौं ।



साझाकुरा

हाम्रो कुरा

# योजना धेरै, खर्च कम

बागमती प्रदेश सरकारले अझैपनि टुक्रे योजनालाई प्रशय दिइरहेको छ । बागमतीमा योजना धेरै भएपनि खर्च भने बर्षेनी कमजोर छ । विकास बजेट र पूँजीगत बजेट दुबैतर्फ प्रदेशको खर्च निराशाजनक देखिएको छ । चालु आव २०७८/०७९ को पहिलो चौमासिकमा पनि आश लाग्दो बजेट खर्च छैन । चालु आर्थिक वर्ष २०७८/०७९ मा पनि बागमती प्रदेश सरकारको बजेट खर्च अवस्था निराशाजनक देखिएको छ ।

पहिलो चौमासिकमा बागमती सरकारले ७ दशमलव ७१ प्रतिशत मात्र बजेट खर्च गरेको छ । चालु आवमा ५७ अर्ब ७७ करोड १४ लाख २७ हजार रुपैयाँ बजेट ल्याएको बागमतीमा कात्तिक मसान्तसम्म ४ अर्ब ४५ करोड १८ लाख ९३ हजार ८ सय ४० रुपैयाँ अर्थात् ७ दशमलव ७१ प्रतिशत बजेट खर्च भएको हो । कार्यालयका अनुसार बागमती सरकारले हालसम्म १० चालु ४ दशमलव ८५ पुँजीगत र २० प्रतिशत वित्तिय खर्च गरेको छ । ७ अर्ब ५० करोड ५६ लाख ४१ हजार चालु बजेट रहेकोमा हालसम्म १ अर्ब ३२ करोड ८३ लाख २३ हजार ५ सय १५ रुपैयाँ मात्र खर्च गर्न सकेको छ ।

२९ अर्ब ८४ करोड ९४ लाख १३ हजार पुँजीगत बजेट छुट्याइएकोमा १ अर्ब ४४ करोड ६७ लाख ७४ हजार ५ सय ९ रुपैयाँ मात्र खर्च भएको छ । चालु आर्थिक वर्ष २०७८/०७९ मा आर्थिक मामिला तथा योजना मन्त्रालयले सबैभन्दा बढी खर्च गरेको छ । मन्त्रालयले पहिलो चौमासिकमा १० प्रतिशत खर्च गरेको तथ्यांक छ । दोस्रोमा सबैभन्दा बढी खर्च उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले गरेको छ । मन्त्रालयका लागि छुट्याइएको कुल बजेटको ८ दशमलव ११ प्रतिशत खर्च भएको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालयले कुल बजेटको ६ दशमलव ३४ प्रतिशत खर्च गरेको छ । २१ अर्ब १९ करोड ५६ लाख ३१ हजार बजेट पाएको मन्त्रालयले पहिलो चौमासिकमा कुल बजेटको ६ दशमलव ३४ प्रतिशत अर्थात १ अर्ब ३४ करोड ३५ लाख ७४ हजार १ सय ९१ रूपैयाँ खर्च गरेको छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले ६ प्रतिशत अर्थात २३ करोड १५ लाख २२ हजार ७ सय ९८ रूपैयाँ खर्च गरेको छ । सामाजिक विकास मन्त्रालयले कुल बजेटको ५ दशमलव ६१ प्रतिशत बजेट खर्च गरेको छ । ११ अर्ब ६५ करोड ६३ लाख ५५ हजार कुल बजेट रहेको मन्त्रालयले ४ महिनामा ६५ करोड ३५ लाख ४२ हजार ७ सय ८८ रुपैयाँ खर्च गरेको हो । आन्तरिक मामिला तथा कानुन मन्त्रालयले १ दशमलव ७० प्रतिशत मात्र खर्च गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३१९ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२१५८७, ९८४५९१९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ पुष १ गते बिहीबार १६ डिसेम्बर २०२१ । मार्ग शुक्ल त्रयोदशी । थिंलाष्ठ्व त्रयोदशी ११४१ । सूर्योदय ६:४७ र सूर्यास्त ५:११ मा हुनेछ । धनु संक्रान्ति ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अध्ययनमा बाधा | तुला | : आफन्तजन भेट |
| वृष | : धन प्राप्ति | वृश्चिक | : भित्रजन भेट |
| मिथुन | : शत्रुबाट मुक्त | धनु | : प्रेममा सफलता |
| कर्कट | : धन नष्ट | मकर | : शुभ कार्यको थालनी |
| सिंह | : मिष्ठान्न भोजन | कुम्भ | : सुख प्राप्ति |
| कन्या | : आलश्यता | मीन | : यात्राको योग |

# आजका दिनमा बिपीको समाजवाद के हो ?

विश्व पौडेल

> धेरै सूचकांकहरुले यहाँ आर्थिक असमानता बढ्दै गएको देखाउँछ । राज्यले जनताका आधारभूत आवश्यकता पूरा गर्ने गरी विकास गर्न सकेको छैन भने अर्कातिर धनी र गरिबबीचको दुरी पनि कम गर्न सकेको छैन ।

कुनै पनि राजनीतिक पार्टीको निम्ति राष्ट्रिय महाधिवेशनको अर्थ नयाँ नेतृत्व चयन मात्र होइन । नेतृत्व चयन जत्तिकै महत्वपूर्ण हुन्छ, जल्दाबल्दा विषयमा पार्टीको नीति तथा कार्यक्रम तय गर्नु । यसको निम्ति राष्ट्रिय सरोकार र जनजीविकासँग जोडिएका प्रमुख मुद्दाहरूमा घनिभूत छलफल गरेर पार्टीले आफ्नो वैचारिक कार्यदिशा प्रस्ट पार्नुपर्छ । त्यही कार्यदिशाका आधारमा पार्टीको चुनावी घोषणापत्र बन्छ र त्यसैलाई देखाएर ऊ चुनावी प्रतिस्पर्धामा होमिन्छ ।

यसपालि दुई ठूला राजनीतिक दलहरू नेकपा एमाले र नेपाली कांग्रेसले आफ्नो महाधिवेशनमा वैचारिक छलफललाई प्राथमिकता दिएनन् । केपी शर्मा ओलीलाई दोश्रो कार्यकालका लागि अध्यक्ष चयन गर्दै नेकपा एमालेको दसौं महाधिवेशन हालै सम्पन्न भएको छ भने सत्तारूढ नेपाली कांग्रेसको जारी चौथौं महाधिवेशन पनि कुनै वैचारिक छलफलबिना नेतृत्व चयनमा सीमित हुँदैछ । पार्टीले औपचारिक छलफल अघि बढाओस् वा नबढाओस्, हामीले स्वतन्त्र ढंगमा भए पनि वैचारिक बहसलाई निरन्तरता दिने क्रम जारी राख्नुपर्छ । यही सोचेर नेपाली कांग्रेसको जारी महाधिवेशनका सन्दर्भमा म नयाँ युगको नयाँ मागलाई सम्बोधन गर्ने गरी पार्टीको आर्थिक सिद्धान्त के हुनुपर्छ भन्ने विषयमा चर्चा गर्दैछु ।

नेपाली कांग्रेसको आर्थिक सिद्धान्त भन्नेबित्तिकै 'बिपीको समाजवाद' सँगसँगै जोडिएर आउँछ । कांग्रेसको आर्थिक सिद्धान्त भनेकै बिपीको समाजवाद हो पनि भन्ने गरिन्छ । यसो भन्दै गर्दा बिपीको समाजवाद के हो, त्यसको दायरा के हो र त्यसले मुलुकको सामाजिक-आर्थिक जीवनलाई कुन हदसम्म सम्बोधन गर्छ भन्ने विषयमा भने धेरै स्पष्टता छैन । यसको मुख्य कारण मार्क्सवाद वा लेनिनवाद भनेजस्तो जडसूत्रवादी सिद्धान्त बिपीको समाजवाद होइन । यसलाई काल, परिस्थिति हेरेर परिस्कृत गरिरहनुपर्छ । जनताको स्वतन्त्रताको प्रत्याभूति गरेर असमानता घटाउने कुराले २००७ सालमा एउटा कार्यनीति माग गर्थ्यौं भने अहिलेको समयमा अर्कै कार्यनीति माग गर्नसक्छ ।

तर नेपाली कांग्रेसकै कतिपय नेताले बिपीको 'समाजवाद' लाई शास्त्रीय ढंगमा बुझेर फगत एक सूत्र वा नाराका रूपमा अंगाल्दै आएका छन् भन्ने मलाई लाग्छ । कुनै पनि सिद्धान्तलाई जबसम्म विभिन्न कोणबाट व्याख्या वा पुनव्याख्या गरिन्न, तबसम्म हामी त्यो सिद्धान्तको सारसम्म पुग्न सक्दैनौं । समाजवाद भनेर चीनका माओले पनि भनेका थिए, जर्मनीका हिटलरले पनि भनेका थिए । के बिपीको समाजवाद र उनीहरूले भनेको समाजवाद उही हो ?

सिद्धान्तप्रतिको बुझाइ मूर्त हुनुपर्छ, बहसबिनाको सिद्धान्त अमूर्त हुन्छ । बिपीको समाजवादलाई पनि हामीले बिनाबहस नारा वा सूत्रका रूपमा मात्र अंगाल्यौं भने बिपीले कस्तो खालको आर्थिक समाज परिकल्पना गरेका थिए भन्नेबारे हाम्रो ज्ञान अधुरो हुनेछ । यो लेखको आसय बिपीको समाजवादबारे मेरो आफ्नो बुझाइ बाँड्नु र नेपाली कांग्रेसले आगामी दिनमा पार्टीको आर्थिक सिद्धान्त तय गर्दा बिपीको समाजवादलाई कुन रूपमा अंगाल्ने भनेर चर्चा गर्नु हो । मुख्यगरी गएका दुई दशकमा विप्रेषण (रेमिटेन्स) को आप्रवाह र सँगसँगै आयात बढेपछि हाम्रो समाजमा सम्पत्तिको केन्द्रीकरण बढेको छ । यसलाई धेरै तरिकाले हेर्न सकिन्छ ।

एक, धेरै सूचकांकहरूले यहाँ आर्थिक असमानता बढ्दै गएको देखाउँछ । राज्यले जनताका आधारभूत आवश्यकता पूरा गर्ने गरी विकास गर्न सकेको छैन भने अकतिर धनी र गरिबबीचको दुरी पनि कम गर्न सकेको छैन । दोस्रो, सम्पन्नहरू जो छन्, ती या त आफ्नो पैतृक सम्पत्तिका कारण वा विभिन्न लाइसेन्स तथा पुँजीमा आफ्नो पहुँचका कारण बढी सम्पन्न भएका छन् । नयाँ आविष्कार गरेर वा अन्तर्राष्ट्रिय व्यापारमा महारथ हासिल गरेर होइन ।

**यस्तो स्थिति बाउनुमा दोषी को त ?**

राज्यले बजार विकास नगर्ने, सडक, बिजुलीबत्ती, शिक्षा, स्वास्थ्य लगायत पूर्वाधार निर्माण नगर्ने र त्यसमाथि बजार नियमनका नीत-नियम पनि राम्रो नबनाइदिने हो भने समाजको एउटा ठूलो समूह स्वाभाविक रूपमा पछाडि पर्छन् । यसले धनीहरूको बजार पहुँच पहिलेभन्दा बलियो हुँदै जान्छ भने गरिबहरू बजार मात्र होइन, आफ्ना आधारभूत आवश्यकताको पहुँचबाट पनि टाढिँदै जान्छन् ।

उत्पादनका साधन र स्रोतमा धनीहरूको मात्र पहुँच भएपछि गरिब वर्ग आफ्ना छोराछोरीलाई विदेश पठाउन बाध्य हुन्छन् । तिनै छोराछोरीले विदेशमा रगत-पसिना बगाएर कमाएको पैसाले यता परिवारको गुजारा चल्छ । उनीहरू आफ्नो गच्छेअनुसार बजारबाट सामान किनेर जीवनयापन गर्छन् । झट्ट हेर्दा यो खालको आर्थिक चक्रले गरिब वर्गको उपभोग स्तरमा सुधार आइरहेकै देखिन्छ, उनीहरूको जीवनस्तर राम्रो हुँदैछ भन्ने हामीलाई लाग्न सक्छ । तर सिक्काको अर्को पाटो पनि छ । वैदेशिक रोजगारबाट प्राप्त कमाइले उनीहरूको आर्थिक हैसियत त बढ्छ, उनीहरू पहिलेभन्दा बढी उपभोग गर्न सक्षम पनि हुन्छन् तर धनी र गरिबबीच दुरी कम हुँदैन । उल्टो उपभोग बढेपछि त्यसअनुसारका मालवस्तु आयात गर्ने सीमित धनीहरू पहिलेभन्दा धनी हुँदै जान्छन् । अकोर्तिर, जो वैदेशिक रोजगारमा आश्रित छन्, उनीहरूको आर्थिक हैसियत केही सुधिए पनि आनका तान फरक पर्दैन । उनीहरूको पारिवारिक विग्रहको दुःखपूर्ण कथा आफ्नो ठाउँमा छँदैछ ।

यसबाहेक युगौंदेखि जात व्यवस्थामा आधारित, भूगोलमा आधारित र विभिन्न पूर्वाग्रहहरूमा आधारित असमानताहरू पनि समाजमा व्याप्त छँदैछन् । यी सबै परिप्रेक्ष्यमा नेपाली कांग्रेसले भावी आर्थिक सिद्धान्त तय गर्दा वा बिपीको समाजवादलाई व्याख्या गर्दा त्यसले नेपालको मौजुदा सामाजिक-आर्थिक यथार्थलाई कसरी सम्बोधन गर्छ भनेर विवेचना गर्नुपर्नेछ । बिपीको समाजवादका तीन मुख्य आयाम छन्- समृद्धि बढाउने, असमानता घटाउने र व्यक्तिको स्वतन्त्रता सुनिश्चित गर्ने । बिपीको निम्ति समाजवाद भनेको स्वतन्त्रता कुल्चिएर समृद्धि ल्याउने उपाय होइन । समृद्धिका नाममा धनी र गरिबबीच असमानताको खाडल निर्माण गर्नु पनि समाजवाद होइन । समृद्धि, समानता र स्वतन्त्रतालाई सँगसँगै लिएर जानु नै बिपीको समाजवाद हो । उनको जिन्दगीभरको लडाइँ नै यी तीन आयामयुक्त समाजवादको निम्ति थियो ।

अब हामी बिपीको यो आर्थिक सिद्धान्त उनले लिएका आर्थिक नीतिहरूमा कसरी प्रतिबिम्बित हुन्छ र त्यसलाई आजको दिनमा हामी कसरी ग्रहण गर्न सक्छौं भन्नेबारे चर्चा गरौं । जति बेला बिपी कोइराला प्रधानमन्त्री भए, हाम्रो समाज कृषिप्रधान थियो । हाम्रो सम्पत्तिको स्रोत वा हाम्रो उत्पादनको मुख्य साधन भन्नु नै जग्गा-जमिन थियो । त्यो बेला केही सीमित व्यक्ति वा परिवारले लाखौं लाख बिघा जमिनको स्वामित्व ओगटेर बसेका थिए । यसले जमिनमा पहुँच भएका जमिन्दारहरू धनी हुँदै गइरहेका थिए भने जमिनमा स्वामित्व नभएका किसान गरिब हुँदै गइरहेका थिए । यो आर्थिक दृष्चक्र बदल्न बिपीले २०१५ सालमा आफू प्रधानमन्त्री भएपछि बिर्ता उन्मूलन गरे । उनले जमिन्दारहरूको हातमा रहेको लाखौं बिघा जमिन अधिग्रहण गरेर किसानलाई जमिनको मालिक बनाए । यसले तत्कालीन समाजको जमिनमा आधारित असमानता हटाउन ठूलो मद्दत गर्यो ।

यति मात्र होइन, उनले प्रगतिशील कर लगाएर जो जति बढी धनी छ, उसले राज्यलाई उति बढी कर तिर्नुपर्ने नियम लागू गरे । यसबाट उठेको राजस्व विकास निर्माणमा लगानी गर्ने र त्यसको फाइदा तल्लो तहका गरिब वर्गसम्म समानुपातिक रूपमा वितरण गराउने बिपीको ध्येय थियो । बिपीको पछाडि लागेका युवाहरूले त्यो समय जात व्यवस्थाविरूद्ध विगुल पनि फुके । गण्डकी प्रदेशका अहिलेका मुख्यमन्त्रीका बुवा गोवर्धन शर्माहरूले जातीय विभेदमा आधारित असमानताको विरोधमा आन्दोलन नै छेडे । यसको पछाडिको कारण आर्थिक असमानताको स्रोत सामाजिक कुरीति र भेदभाव पनि हुन् भन्ने सोचाइ थियो ।

यदि बिपीको समाजवादले समृद्धिलाई मात्र केन्द्रमा राखेको हुन्थ्यो भने जमिन्दारहरूको स्वामित्वबाट जग्गा नखोस्दा पनि र प्रगतिशील कर लागू नगर्दा पनि समाजको एउटा तह समृद्ध हुँदै गइरहेकै थियो । किसानहरूको जीवनयापन जेनतेन चलिरहेकै थियो । तर उनले त्यो अवस्था बदल्न जरूरी ठाने । किनभने, जबसम्म उत्पादनका साधन वा सम्पत्तिको स्रोतमा सबै जनताको बराबर पहुँच पुग्दैन, तबसम्म समतामूलक समाज निर्माण हुन सक्दैन भन्ने बिपीको विश्वास थियो ।

सम्पत्तिको स्रोत एउटा सीमित समूहको स्वामित्वमा केन्दीकृत रहँदा पनि हामी समृद्धि त हासिल गर्न सक्छौं तर समाजमा व्याप्त असमानता कसैगरी हटाउन सक्दैनौं । बिपीको समाजवादले समृद्धिको कल्पना मात्र गर्दैन, असमानता हटाउने उद्देश्य पनि लिन्छ । त्यसैले त्यो समयका लागि बिर्ता उन्मूलन गरेर जग्गा-जमिनमाथिको सीमित स्वामित्व अन्त्य गर्नु समाजवाद निर्माणको एउटा महत्वपूर्ण खुड्किलो थियो । बिपीको समाजवादको यो अवधारणालाई हामीले आजको समय-सन्दर्भमा कसरी ग्रहण गर्ने त ?

बिपीको समाजवाद भनेको कुनै सूत्र होइन, यो त सिद्धान्त हो । सिद्धान्त सधैं गतिशील हुन्छ । जसरी उत्पादनको साधन र सम्पत्तिको स्रोत परिवर्तन भइरहन्छ, त्यसरी नै त्यो उत्पादनको साधनमा समानता बढाउने उपाय पनि समय अनुरूप बदलिइरहन्छ । बिपीको समाजवादको सबभन्दा सुन्दर पक्ष यही हो । आज हाम्रो अर्थतन्त्रको मुख्य स्रोत कृषि होइन । जग्गा-जमिनलाई हाम्रो उत्पादनको मुख्य साधन मानिन्न । हाम्रो कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को ६० प्रतिशत हिस्सा सेवा क्षेत्रले ओगटेको छ । यसको मतलब, सेवा क्षेत्र नै आज हाम्रो सम्पत्तिको स्रोत वा उत्पादनको साधन हो । तर जसरी बिपीको पालामा जग्गा-जमिनको स्वामित्व सीमित व्यक्ति वा परिवारले ओगटेर बसेका थिए, आज पनि सेवा क्षेत्रमा सीमित व्यक्ति वा परिवारकै स्वामित्व बढ्ता छ । जसरी त्यो समय जग्गा-जमिनमा साधारण मान्छेको पहुँच थिएन, आज पनि सेवा क्षेत्रमा साधारण मान्छेको पहुँच छैन । सेवा क्षेत्र भन्नाले बैंक तथा वित्तीय संस्थाहरू होलान्, बिमा होला वा अन्य व्यापार-व्यवसाय होलान्, ती सबैजसो क्षेत्रको स्वामित्व केही सीमित मान्छेमा केन्द्रीकृत छ । ती सीमित मान्छेले मात्र यसको भरपुर लाभ उठाइरहेका छन् । यसको मुख्य कारण हाम्रो लाइसेन्स प्रणाली नै हो ।

हामीकहाँ आज पनि बैंक खोल्ने प्रक्रिया पारदर्शी छैन । पुनर्बिमा कम्पनी सञ्चालनको इजाजत एउटा कम्पनीलाई मात्र दिइन्छ । तर कुन प्रक्रियामा त्यो कम्पनी छानिन्छ, त्यसको विधि पारदर्शी हुँदैन । कहिले लघुबिमा वा लघुवित्त संस्था खुला गर्ने भनिन्छ, कहिले कडिकडाउ गरिन्छ । निजी स्कुल खोल्न दिने कि नदिने सन्दर्भमा पनि यस्तै प्रवृत्ति छ । यी क्षेत्र किन खुला गरिन्छन् र किन कडिकडाउ गरिन्छ, त्यसमा कुनै नियमसंगत विधि छैन ।

जसरी पञ्चायती व्यवस्थामा मालसामान आयात गर्ने लाइसेन्स राज थियो, त्यसरी नै सेवा क्षेत्रमा लाइसेन्स प्रणालीको जगजगी छ । जसरी जंगबहादुरको पालामा आयात गर्ने इजाजत दुई-तीन जना जुवा खेल्ने साथीहरूलाई वितरण गरिन्थ्यो, हाम्रो व्यापार-व्यवसायमा त्यो संस्कार जीवित छ । यसले सेवा क्षेत्र वा व्यापार-व्यवसायमा सर्वसाधारणको पहुँचलाई नियंत्रित पारेको छैन, व्यापार-व्यवसायको लाइसेन्स ओगटेर बसेकाहरू झन् झन् धनी हुँदै जाने क्रम यथावत् छ ।

कृषिप्रधान अर्थतन्त्रमा जग्गा-जमिन ओगटेर बसेका जमिन्दारहरू जसरी सर्वेसर्वा हुन्थे, सेवा क्षेत्रको योगदान बढी भएको आजको अर्थतन्त्रमा व्यापार-व्यवसायको लाइसेन्स ओगटेर बसेकाहरू नै सर्वेसर्वा हुन्छन् । ऊ त्यही लाइसेन्सको भरमा हिजोभन्दा आज र आजभन्दा भोलि धनी हुँदै जान्छ । यसको ठ्याक्कै उल्टो सेवा क्षेत्रमा पहुँच नहुनेहरू गरिब हुँदै जान्छन् ।

बैंकिङ क्षेत्रकै कुरा गरौं । वाणिज्य बैंकहरूले विपन्न वर्गलाई प्राथमिकतासाथ ऋण दिएको छैन । ग्रामीण क्षेत्रमा आज पनि बैंकहरूको पहुँच एकदमै सीमित छ । हाम्रो बैंकिङ क्षेत्र भनेको मालसामान आयातका लागि ऋण दिने संस्थामा परिणत हुँदै गएको छ । त्यो आयातमा कति औद्योगिक पार्टपूर्जाको हिस्सा होला, कति मेसिनरी सामग्री होलान् । कति त अनावश्यक उपभोगका वस्तु आयातमा पनि बैंकिङ क्षेत्रबाट लगानी भइरहेको होला ।

सबभन्दा ठूलो कुरा त, ठूला व्यापारीहरूलाई कुनै विदेशी ब्रान्डको एजेन्सी लिएर त्यो सामान आयात गरी बिक्री गर्न पनि बैंकिङ क्षेत्रले कर्जा दिइरहेको छ । तर कुनै सर्वसाधारणले कुखुरापालन गर्छु भन्यो पनि उसलाई बैंकले सजिलै लगानी गर्दैन । गरे पनि १८ देखि २० प्रतिशतसम्म ब्याज असुल्छ । बैंकिङ क्षेत्रको यो प्रवृत्ति कायम रहेसम्म धनी र गरिबबीचको दुरी कसरी कम हुन्छ ?

हामीले हाम्रो वित्तीय क्षेत्रलाई गरिबमुखी बनाउनैपर्छ । हिजो गरिब वर्गले जति ब्याजमा ऋण पाइरहेका थिए, त्यो ब्याजदर घट्नैपर्छ । हिजो बैंकहरू आफ्नो कार्यक्रम लिएर ग्रामीण क्षेत्रमा गएका थिएनन् भने उनीहरूलाई त्यहाँ पठाउनैपर्छ । २०७२ को भुइँचालोपछि २ प्रतिशतको सहुलियत दरमा ऋण देऊ भनेर राज्यले बैंकहरूलाई भनेको थियो । तर उनीहरूले कहिले कार्यविधि भएन, कहिले के भएन भन्दै त्यो नियम पालना गरेनन् । यसरी राज्यले भनेको नियम पालना नगर्ने बरू त्यसको सट्टा धेरै जरिवाना तिरेर उम्किने स्थिति अब रहन हुँदैन ।

पुँजीको दरकार नभएको धनी वर्गले नै बैंकिङ क्षेत्रबाट सस्तो ब्याजमा ऋण पाइरहने र पुँजीमा उनीहरूकै पहुँच बढी भइरहने हो भने गरिबहरूको जीवनस्तर कसरी उकासिन्छ ? बैंकिङ क्षेत्रमा यही प्रवृत्ति कायम रहे धनी र गरिबको दुरी कसरी हट्छ ? यसको निम्ति बिपी कोइरालाले बिर्ता उन्मूलन गरेर जग्गा-जमिनमा जमिन्दारहरूको स्वामित्व खोसेजस्तै बैंकिङ लगायत सबै क्षेत्रमा विद्यमान लाइसेन्स राज अन्त्य गर्नु आजको समाजवादको एउटा प्रमुख कडी हो । त्यसपछि वित्तीय क्षेत्रलाई सकेसम्म सबैको पहुँच हुने क्षेत्र बनाउँदै लैजानु अर्को चुनौती हो ।

हामीले उत्पादनका साधनमा समान पहुँचको कुरा गर्दा सेवा क्षेत्रको पहुँच विस्तार मात्र पर्दैन । त्यो शक्तिमाथि र त्यसको स्वामित्व माथिको पहुँच पनि हुनसक्छ । लाइसेन्सहरू बाँड्ने प्रशासन र राजनीतिमा पनि सबै समुदायको समान हक हुनुपर्छ । आज कतिपय समुदायले लोकसेवामा हाम्रो प्रतिनिधित्व खोई, शिक्षामा हाम्रो पहुँच खोई भनेर प्रश्न गरेका छन् । शक्तिको त्यो स्रोतलाई समानुपातिक वितरण गर्नु पनि बिपीको समाजवाद हो ।

सदियौंदेखि पछाडि परेका समुदायको जीवनस्तर उकास्नु हाम्रो मुख्य लक्ष्य हुनुपर्छ । यसका लागि उनीहरू पछाडि पर्नुको कारण पहिचान गरिनुपर्छ । यदि त्यो कारण अशिक्षा हो भने, उनीहरूलाई कसरी शिक्षामा पहुँच दिने भन्नेतर्फ हामीले काम गर्नुपर्छ । यदि मातृभाषामा पढाउँदा कुनै समुदाय उकासिन्छन् भने उनीहरूलाई मातृभाषामै सिकाउनुपर्छ । जो जे भाषामा पढ्न चाहन्छन्, उसलाई त्यही भाषामा पढ्ने अवसर दिनुपर्छ । हाम्रो उद्देश्य भनेको सबैलाई नेपाली भाषामै पढ्न बाध्य गराउने होइन, उनीहरूले जे भाषामा पढ्दा सिक्न सक्छन्, स्रोतले भ्याएसम्म त्यही भाषा प्रयोग गरेर सिकाउनुपर्छ । मुख्य कुरा, हाम्रा जनताले सिकिरहेका छन् कि छैनन्, उनीहरूलाई साधारण हिसाबकिताब गर्नै महाभारत भइरहेको छ कि छैन भन्ने हो । हाम्रा कुनै पनि आग्रहहरू जनताको प्रगति वा जनताको साक्षरताभन्दा ठूला हुन सक्दैनन् । पूर्वाग्रहयुक्त बाध्यकारी नियमले समतामूलक समाज निर्माणको उद्देश्य पूरा हुँदैन । यही कुरा लोकसेवाका हकमा पनि लागू हुन्छ । यदि लोकसेवामा थारू समुदायको प्रतिनिधित्व कम छ भने उनीहरूका लागि थारू भाषामै लोकसेवाको पाठ्यक्रम विकास गरिनुपर्छ र थारू भाषामै परीक्षा दिएर लोकसेवामा प्रवेश गर्ने वातावरण निर्माण गर्नुपर्छ ।

बिपीको समाजवादले स्वस्थ प्रणालीमा जोड त दिन्छ तर यदि स्वस्थ प्रणालीले असमानता घटाउँदैन भने त्यसमा पनि सुधार गर्नुपर्छ भनेर भन्छ । उदाहरणका लागि, लोकसेवा प्रणाली आफैंमा स्वस्थ होला, तर यदि त्यो प्रणालीले एउटै जात वा समुदाय विशेषका मान्छेलाई मात्र कर्मचारीतन्त्रमा प्रवेश गराइरहेको छ भने त्यसमा पनि सुधार हुनु जरूरी छ । मानौं, चेपाङ समुदायबाट कर्मचारीतन्त्रमा प्रतिनिधित्व अत्यन्तै कम छ । अब हामीले काठमाडौंको पुतलीसडकमा बसेर स्वच्छ र स्वस्थ प्रणालीबाट जाँच लिइरहेकै छौं, उनीहरू अक्षम भएकाले नै पास नभएका हुन् भनेर सुख पाउँदैनौं ।

अहिलेको प्रणालीले चेपाङ वा कुनै निश्चित जाति वा समुदाय लोकसेवामा फेल भइरहेका छन् भने दोष उनीहरूको अक्षमताको होइन, दोष हाम्रै प्रणालीको हो । स्वस्थ प्रणालीका नाममा यदि त्यसले असमानता हटाउन सक्दैन भने त्यस्तो प्रणालीको कुनै अर्थ छैन । यसरी सबै नागरिकलाई शासनको मूलप्रवाहमा ल्याउने, सबै नागरिकलाई व्यापार-व्यवसायमा पहुँच बढाउने र शिक्षामा सबै नागरिकलाई बराबर अवसर दिनु नै समाजवादको मुख्य उद्देश्य हो र हुनुपर्छ । राज्यको हरेक नीति-नियमले यो कुरा सम्बोधन गर्नुपर्छ । बिपीको समाजवाद भनेको यही हो ।

अर्को महत्वपूर्ण पक्ष भनेको राज्यका संस्थाहरूप्रतिको आमभरोसा जोगाएर राख्ने हो । उदाहरणका लागि, केन्द्रीय बैंकप्रतिको भरोसाले नै हाम्रो अर्थतन्त्र टिकेको छ । जुन दिन त्यो भरोसा टुट्छ, केन्द्रीय बैंकले जारी गर्ने नोट कागजको खोस्टोमा परिणत हुन्छ । यस्तै भरोसा प्रहरी, विश्वविद्यालयजस्ता संस्थाप्रति पनि कायम राख्नुपर्छ । यस्ता संस्थालाई राज्यको सम्पत्तिकै रूपमा लिइनुपर्छ । कतिपय साना देशहरू यस्ता संस्थालाई बलियो बनाउन नसक्दा असफल भएका उदाहरण छन् ।

राज्यका संस्थाहरूप्रति विश्वास जोगाउन राज्यले उठाएको एक-एक पैसा कोषमा आएको छ कि छैन र राज्यले लगानी गरेको एक-एक पैसा जनतासम्म पुगेको छ कि छैन भनेर हेर्नुपर्छ । राज्यका स्रोतहरू बिचौलियाले दोहन गरेका छन् कि छैनन् भनेर हेर्नुपर्छ । यसका लागि सरकारी संस्थाहरू बलियो बनाउनुपर्छ र दुःख पर्दा राज्यले हस्तक्षेपकारी भूमिका खेलेर हामीलाई साथ दिन्छ भन्ने विश्वास जनतालाई हुनुपर्छ ।

बिपीले आफ्नो पहिलो जननिर्वाचित सरकार बनेपछि यसतर्फ केही कदम चालेकै हुन् । तर २०१७ सालमा राजा महेन्द्रले 'कू' गरेपछि उनको योजनाले मूर्तरूप लिन पाएन । त्यसपछि तीस वर्षसम्म न देश समृद्ध हुन सक्यो, न असमानता घट्यो, न हामीले स्वतन्त्रता नै उपभोग गर्न पायौं । २०४८ सालसम्म आइपुग्दा हामी संसारकै गरिब देशहरूको श्रेणीमा पर्थ्यौं । हामीसँग न स्कुल थिए न सडक, न बिजुलीबत्ती न अस्पताल । औसत आयु बढ्न सकेको थिएन, व्यापार पनि फस्टाएको थिएन ।

२०४८ सालपछि भने हामीले गाउँमा बजेट लैजाने नीति लियौं । त्यो बिपीकै समाजवाद कार्यान्वयनको अर्को खुड्किलो थियो । त्यस क्रममा तत्कालीन अर्थमन्त्री महेश आचार्यले ल्याएको बजेटले बिपीको समाजवाद कार्यान्वयनलाई मूलभूत रूपमा अवलम्बन गर्न खोजेको देखिन्छ । त्यो बजेटले भूमि, रोजगार, पुँजी र सामाजिक सुरक्षामा हरेक व्यक्तिलाई समान पुँजी पुऱ्याउने प्रयास गरेको थियो । बिपीको समाजवादलाई हामीले आजको समय-सन्दर्भमा व्याख्या गर्दा महत्वपूर्ण कुरा यिनै हुन् ।

राज्यको आँखाबाट हेर्दा त्यो समाजवादले समृद्धि बढाउनुपर्यो, असमानता घटाउनुपर्यो र हरेक व्यक्तिको स्वतन्त्रता सुनिश्चित गर्नुपर्यो । नागरिकका आँखाबाट हेर्दा त्यो समाजवादले भूमि, रोजगार, पुँजी या सामाजिक सुरक्षामध्ये कम्तिमा एकमा हरेक व्यक्तिको पहुँच सुनिश्चित गर्नुपर्यो । या त व्यक्तिसँग खेती गर्न वा बसोबास गर्नलाई चाहिने न्यूनतम भूमिको स्वामित्व हुनुपर्यो या व्यापार-व्यवसाय गर्न चाहिने न्यूनतम पुँजी हुनुपर्यो । या जिन्दगी जिउन मद्दत गर्ने रोजगारी हुनुपर्यो । यीमध्ये कुनै पनि नभए जनतालाई सरकारले प्रदान गर्ने सामाजिक सुरक्षाको टेको हुनुपर्यो । मुलुकको समग्र समृद्धि बढाउँदै, असमानता घटाउँदै, नागरिकको स्वतन्त्रता अक्षुण्ण राख्दै, नागरिकलाई भूमि, पुँजी, रोजगारी वा सामाजिक सुरक्षामध्ये कम्तिमा एक कुराको प्रत्याभूति गर्न सबनु नै आजको युगको समाजवादको न्यूनतम सर्त हो ।

*(लेखक राष्ट्रिय योजना आयोगका उपाध्यक्ष हुन्।)*

- साभार: सेतोपाटी

# रुविनाको प्रश्न- म कसरी अनलक्की हिरोइन ?

काठमाडौं/नायिका रुविना थापाले अभिनय गरेका दुईवटा चलचित्र नै असफल भए । उनको डेब्यु चलचित्र 'लभ डायरिज' र दोस्रो चलचित्र 'डाँडाको वरपीपल'ले बक्स अफिसमा 'सुपर फ्लप' भएपछि उनको चलचित्र यात्रा कसरी अगाडि बढ्ने हो भन्ने प्रश्न सोझिएको छ ।

दुई चलचित्र असफल भएपनि उनको कामको चर्चा भने भएको छ । काम राम्रो गरेर पनि चलचित्र असफल भएकाले उनलाई मिडियाले 'अनलक्की हिरोइन' भन्ने गरेका छन् । तर, रुविना भने आफूलाई 'अनलक्की' हिरोइन भन्न रुचाउँदिनन् । चलचित्र 'म' घोषणा कार्यक्रममा सञ्चारकर्मीसँग उनले भनिन्, 'मलाई हिरोइन भन्दा पनि कलाकार भएर दर्शकले चिन्नुभयो भने खुशी हुन्छु । मैले आजसम्म जम्मा दुईवटा चलचित्रमा मात्र काम गरेकी छु । मेरो कामलाई दर्शकले चिन्नु भएको छ । अब अनलक्की कुन हिसाबले भन्ने ?'

उनले अगाडि भनिन्, 'मेरो कर्मथलो नै यही हो । मैले काम पनि पाइरहेकी छु । यसैले अनलक्की र लक्की भन्ने कुरा नै आउँदैन । म काम आउञ्जेलसम्म गर्छु ।' रुविनाले आफूले मिहिनेत गर्न नछाड्ने पनि बताइन् । कुनै पनि कुरामा गम्भीर भएर लाग्ने आफ्नो बानी रहेको उनको भनाइ छ ।

रुविना आफूले एकपछि अर्को चलचित्रमा देशका चर्चित कलाकारहरूसँग काम गर्न पाएकोमा खुशी व्यक्त गर्छिन् । 'डाँडाको वरपीपलमा पनि मैले सिनियर कलाकारहरूसँग काम गर्न पाएकी थिएँ,' उनले भनिन्, 'अब तेस्रो चलचित्र 'म'मा पनि मैले सिनियर कलाकारहरूसँग काम गर्न पाएकी छु । यस अर्थमा म भाग्यमानी कलाकार हुँ ।'

## विभिन्न योजनाका लागि पाँच करोड माग

दमौली (रासस)/ तनहुँको भिमाद नगरपालिकामा पाँच करोडका योजना माग गरिएको छ । नेकपा (एकीकृत समाजवादी) भिमाद नगर कमिटीले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठलाई सोमबार मागपत्र बुझाउँदै विभिन्न योजनाका लागि बजेट बिनियोजन गर्न आग्रह गरेको हो ।

नगर कमिटीका अध्यक्ष काजीमान श्रेष्ठले विभिन्न दश योजनाका लागि संघीय सरकारबाट बजेट विनियोजन गरिदिन मन्त्री श्रेष्ठसमक्ष आग्रह गरे । उनले सडकका ६, खानेपानीका दुई, बाँध निर्माण र पहिरोनियन्त्रणका एक/एक योजनामा बजेट विनियोजन गर्न माग गरिएको जानकारी दिए ।

भिमाद नगरपालिका अन्तर्गत भिमाद भागर मोटरमार्ग स्तरोन्नति, बर्गैंचा पोखरीडाँडा सडक ढलान, दैकेडाँडा खानापानी आयोजनालगायतका योजनाका लागि बजेट माग गरिएको छ । मन्त्री श्रेष्ठले समाजवादी पार्टीको संगठन मजबुत बनाउनका लागि पनि अन्तर मन्त्रालयसँग समन्वय गरेर बजेट विनियोजन गराउने प्रतिबद्धता जनाए ।

# अझै सम्पन्न भएन जैसीदेवल पुन:निर्माण

काठमाडौं (रासस)/ भूकम्पले भत्किएको जैसीदेवल पुन:निर्माण सुरु भएको सांढे पाँच वर्षमा तीनपटक म्याद थपइ भए पनि काम सम्पन्न हुनसकेको छैन । भूकम्पछिको पुन:निर्माणका लागि गठन भएको राष्ट्रिय पुन:निर्माण प्राधिकरणको अवधि सकिन केही दिन बाँकी रहँदा पनि जैसीदेवलजस्ता सयौं सम्पदा अलपत्र अवस्थामा छन् । प्राधिकरणको म्याद आगामी पुस ९ गते सकिँदै छ । प्राधिकरणले भने पुन:निर्माणका अधिकांश काम सकिएको दाबी गर्दै पुन:निर्माणका अनुभव आदानप्रदान गर्न अन्तर्राष्ट्रिय सम्मेलनसमेत सम्पन्न गरिसकेको छ ।

विश्व सम्पदा सूचीमा सूचीकृत हनुमानढोका दरबार क्षेत्रमा रहेको जैसीदेवल पुन:निर्माण शुरु भएको सांढे पाँच वर्ष पूरा भएपनि सम्पन्न हुन सकेको छैन । विसं २०७२ वैशाख १२ गतेको भूकम्पले क्षतिग्रस्त जैसीदेवल पुन:निर्माण पुरातत्व विभागले विसं २०७३ साउनमै शुरु गरेको हो । सार्वजनिक जानकारीका लागि पुनर्निर्माण गर्दा निर्माण स्थलमा राख्नुपर्ने लागत, अवधि, निर्माण व्यसायी आदिको नाम समावेश हुने जानकारीमूलक सूचना पाटी नराखी अपारदर्शी काम भएको काठमाडौं महानगरपालिका वडा नं-२१ का पूर्व वडा अध्यक्ष जुजुकाजी तण्डुकार बताउँछन् ।

"नेपाल संवत् ७०४ मा बनेको देवलको पुरानै इट्टा प्रयोग गरेर काम शुरु भएको छ, निर्माण स्थलमा सार्वजनिक जानकारीका लागि राख्नुपर्ने सूचना पाटी राखिएको छैन, निर्माण अघि स्थानीयवासीसँग छलफल समेत गरिएन, निर्माणपछि निर्माण व्यवसायी त अन्तै जान्छन्, निर्माणमा स्थानीयको स्वामित्व हुनुपर्छ"- देवलअघिको किराना पसलबाट पुन:निर्माणको सूक्ष्म अवलोकन गरिरहेका उनले भने ।

देवल पुन:निर्माण गरिरहेको निर्माण व्यवसायीले माजुदेव : र दशअवतार मन्दिरसमेत पुन:निर्माण गरिरहेकाले काममा अवरोध भइरहेको छ । माजुदेव : काठमाडौं महानगर पालिकाको ठेक्कामा व्यवसायीले ठेक्का पाएको हो । दशअवतार मन्दिर भने विभागकै ठेक्कामा यही निर्माण व्यवसायीले जिम्मा पाएको हो । वरिपरि फलामको ठण्डी ठड्याएर राखेको वर्षौंसम्म अलपत्र भएको स्थानीयवासी रविना मानन्धरले बताए । यस क्षेत्रकै तीन वटा सम्पदा पुन:निर्माणको ठेक्का लिएको निर्माण व्यवसायीले कुनै पनि काम समयमा गरको छैन । २१ नं. वडा सदस्य नृत्यद्धेवी महर्जन फलाम ठड्याएर राखेपनि काम भएको नदेखिने बताउँछन् । ठेक्का गर्ने सरकारी निकाय र निर्माण व्यवसायीलेसमेत वडासँग समन्वय नगरेको जनप्रतिनिधिको भनाई छ ।

**पुन:निर्माणमा पुराना सामग्रीको प्रयोग**

विभागले पुराना निर्माण सामग्री टिकाउ हुने भएकाले प्रयोग गरिएको जनाएको छ । विभागका प्रवक्ता रामबहादुर कुँवर अनुसन्धानले प्राचीन निर्माण सामग्री टिकाउ हुने प्रमाणित गरेको बताउँछन् । कति पुराना र कति नयाँ सामग्री राखेर पुन:निर्माण गर्ने भन्ने पारदर्शी रुपमा स्थानीयवासीलाई जानकारी गराइएको छैन । देवल निर्माण हेर्नुहुने विभागका इन्जिनीयर पूर्णबहादुर श्रेष्ठ निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार जीर्ण नभएका सामग्री प्रयोग गर्न सकिने व्यवस्था गरिएको बताउँछन् ।

"निर्माण अवधि, निर्माण लागत, निर्माण व्यवसायीको नाम लगायत जानकारी दिने सूचना पाटी राख्न पटक पटक भनिए पनि व्यवसायीले राखेका छैनन्"- उनले भने । निर्माण कम्पनी प्राकृतिक/सानो सुवाल/एसपी जेभीले देवल पुन:निर्माण गरिरहेको हो । देवल पुन:निर्माणमा पुराना र नयाँ दुवैथरी निर्माण सामग्री प्रयोग गर्ने सम्झौता भएको छ । नयाँ ८० र पुराना २० प्रतिशत सामग्री प्रयोग गर्ने सम्झौतामा उल्लेख छ । तलदेखि माथिसम्म नयाँ र पुराना दुवैथरी निर्माण सामग्री मिसाएर काम हुने जनाइएको छ ।

**चौथोपटक म्याद थप्ने तयारी**

विसं २०७४ असार मसान्तसम्म देवल पुन:निर्माण सङ्नुपर्ने निर्माण व्यवसायीसँगको सम्झौता पत्रमा उल्लेख थियो । २०७३ साल साउन २८ गते देवल पुन:निर्माणको सम्झौता भएको थियो । सम्झौता भइसकेपछि बेलायतको दुरहाम विश्वविद्यालय र विभाग लगायतको समूहले देवल क्षेत्रमा उत्खनन् गरेपछि काममा ढिलाइ भएको निर्माण व्यवसायी पक्षको दावी छ । तोकिएको समयमा पुन:निर्माण नसकिएपछि २०७६ माघ मसान्तसम्म पहिलोपटक म्याद थपिएको थियो । प्राधिकरणका सचिवस्तरको निर्णय अनुसार पुन:निर्माणको म्याद थपिएको विभागका अधिकारीहरुले जनाएका छन् । पहिलोपटक थपिएको समयमा पनि काम सकाउन निर्माण व्यवसायीले ध्यान दिएनन् ।

२०७७ साल असार ५ गतेको निर्णय अनुसार २०७७ चैतसम्म दोस्रोपटक म्याद थपिएको थियो । एकै स्थानमा एउटै निर्माण व्यवसायीलाई तीन वटा सम्पदा पुन:निर्माणको ठेक्का दिने र नसक्दा कारबाही पनि नगर्ने सरकारी निकायका कारण निर्माण व्यवसायीमा हामीले जे गरेपनि हुन्छ भन्ने भावनाको विकास भएको स्थानीय युवा श्याम खड्गी बताउँछन् ।

दोस्रोपटक थपिएको समयमा पुन:निर्माण सम्पन्न नभएपछि तेस्रोपटक म्याद थपका लागि निर्माण व्यवसायीले २०७८ असार मसान्त सम्मको म्याद माग गरेकामा असोज मसान्तसम्म थप गरिएको थियो । यो समयमा पनि निर्माण व्यवसायीले काम सकेका छैनन् ।

तेस्रोपटक कोरोनाका कारण काम गर्न नसकिएको भन्दै निर्माण व्यवसायीले म्याद चौथोपटक थपको माग गरिरहेका छन् । कोरोनाको दोस्रो लहर भन्दै अर्थ मन्त्रालयको २०७८ भदौ ३ गतेको निर्णय अनुसार आगामी चैत मसान्तसम्म चौथोपटक म्याद थप गर्ने तयारी भएको छ । हाल देव पुन:निर्माणको ७० प्रतिशत भौतिक प्रगति भएको विभागका प्रवक्ता कुँवरले सुनाए । देवल पुन:निर्माणको लागत पाँच करोड ४६ लाख ६० हजार ७२८ छ ।

**देवलको ऐतिहासिकता**

देवल नेपाल संवत् ७०४ मा कान्तिपुर राज्यका बडा हाकिम लक्ष्मीनारायण जोशीले निर्माण गरेको हो । जोशीदेवल हुँदै कालान्तरमा अपभ्रंश भई जैसीदेवल नाम रहन एएको भनाई यहाँका स्थानीयवासीको छ । ककनी, रानीपौवा, जीतपुरफेदी, दगुर्नेपार्नदिखिका जैसी बाहुनको निधन हुँदा शव टेकुमा जलाउन ल्याउँदा यहाँ बसेर कपाल काट्ने, सेतो कपडा फेर्ने, सक्खर, दही चिउरा खाने गरेकाले पनि यो देवललाई जैसीदेवल नामकरण गरिएको भन्ने अर्कोथरीको भनाई छ ।

विसं १९८९ मा देशभक्तले देवलको जीर्णोद्धार गरेपछि यसलाई देवजागेश्वर महादेव पनि भन्न थालिएको स्थानीय ८६ वर्षीय वृद्ध शंकरमान रञ्जितकारले जानकारी दिए । त्यसअघि देवलमा स्थापना गरिएको महादेवलाई जागेश्वर महादेव भनिन्थ्यो । विसं २०१५ मा अञ्चलाधीश विष्णुमणि आचार्यको नेतृत्वमा स्थानीयवासीले फेरि देवलको जीर्णोद्धार गरे ।

त्यतिबेला जीर्णोद्धारको काममा संलग्न हुनेलाई अञ्चलाधीश कार्यालयले ज्याला स्वरुप गहुँ दिएको उनको स्मरणमा ताजा छ । जीर्णोद्धारपछि त्यसै वर्ष तत्कालीन महारानी रत्नराज्यलक्ष्मीले तीन हजार लिटर पानी अट्ने सिमेन्टको पानी ट्यांकी बनाइदिएका छन् ।

२०४५ सालको भूकम्पले चर्किएको देवल २०६३ सम्म बन्न नसकेपछि स्थानीयवासीको सक्रियतामा विभाग र काठमाडौं महानगर पालिकाको सक्रियतामा २८ लाखको लागतमा जीर्णोद्धार भएको थियो । तत्कालीन समयमा बचेको पैसाले नजिकैको कृष्णमन्दिर पनि जीर्णोद्धार गरिएको पूर्व वडा अध्यक्ष तण्डुकारले सुनाए । रातो मच्छेन्द्रनाथ राख्ने उद्देश्यले निर्माण गरिएको देवलमा पछि नरसिंहको जैसीदेवल युथ क्लबका सदस्य राजेन्द्र मानन्धरले बताए ।

भक्तपुरको पाँचतले मन्दिर पनि रातो मच्छेन्द्रनाथ राख्नकै लागि बनाइएकामा पछि पाटनमा राखिएको स्थानीयवासीको भनाइ छ । रातो मच्छेन्द्रनाथ पाटनमा राखिएपछि यस ठाउँ जोशी एवम् जैसीदेवलकै रुपमा प्रसिद्ध भयो । ऐतिहासिक सम्पदा पुन:निर्माण वर्षौंदिखि अलपत्र हुँदा स्थानीयवासी भने दु:खी छन् । सधैं फलामको डण्डा ठड्याएको देखिएपनि कहिल्यै नबनेकामा स्थानीयवासीले गुनासो गरेका छन् ।

# उत्कृष्ट बेसार उत्पादन गर्दै सिद्धिपुर

उदयपुर (रासस)/ उदयपुर जिल्लाको चौदण्डीगढी नगरपालिकाको सिद्धिपुरगाउँ जिल्लाको सबैभन्दा बढी बेसार उत्पादन हुने उत्कृष्ट बेसार पकेट क्षेत्र बन्न पुगेको छ ।

चौदण्डीगढी नगर-पालिकाको सिद्धिपुर क्षेत्रमा केही वर्ष यतादेखि वार्षिक डेढ करोडभन्दा पनि बढी मूल्यको बेसार उत्पादन हुँदै आएको कृषक बिन्द्रमान मगर बताउँछन् ।

दश वर्षदेखि व्यावसायिक बेसारखेती हुँदै आएको सिद्धिपुरमा दुई वर्ष अघिसम्म वार्षिक एक करोडको बेसार उत्पादन हुने गरेकामा गत वर्षदेखि वार्षिक डेढ करोडभन्दा बढीको बेसार उत्पादन भएको अर्का कृषक भुपेन्द्र मगरले बताए ।

गत वर्षको तुलनामा यस वर्ष बेसारखेती विस्तारसँगै वृद्धि भएकाले यसपटक सरदर दुई करोडसम्मको बेसार बिक्री गर्न सकिने अवस्था रहेको उनी बताउँछन् ।

चौदण्डी नगरपालिकाका प्रमुख खगेन्द्रकुमार राईका अनुसार चौदण्डीको सिद्धिपुर क्षेत्र जिल्लाकै एक नम्बर बेसार पकेट क्षेत्र घोषणा गरिएको छ । वार्षिक सिद्धिपुरमा डेढ करोड बराबरको बेसार उत्पादन भएर विराटनगरतर्फ बिक्री हुने गरेको नगरप्रमुख राईले बताए । सिद्धिपुरमा हाल ४० घर कृषकले व्यावसायिकरूपमा बेसारखेती गर्दै आएका छन् । जिल्ला कृषि ज्ञान केन्द्रका प्रमुख महेश चौधरीका अनुसार व्यावसायिक बेसारखेतीले फड्को मारेको छ । हाल जिल्लामा करिब १३७ हेक्टर क्षेत्रफलमा व्यावसायिक बेसारखेती हुँदै आएको छ ।

वार्षिक झण्डै ८०० मेट्रिक टन बेसार उत्पादन हुने गरेको कृषि ज्ञान केन्द्रका प्रमुख चौधरीले बताए । वार्षिक करिब पाँच करोडभन्दा बढी मूल्यसम्मको बेसार उत्पादन भएर अन्यत्र बिक्री हुने गरेको कृषि ज्ञान केन्द्र उदयपुरले जनाएको छ ।

जिल्लामा उत्पादन भएका अधिकांश बेसार विराटनगरस्थित गोल्छा र दुगड मिल्सले खरिद गर्ने गरेकाले बेसार बिक्रीमासमेत सहज भएको केन्द्रका कर्मचारी बताउँछन् । सिद्धिपुरपछि त्रियुगा नगरपालिकाको साउने खाँबु, बेलकाको मैनामैनी, बबला, कटारी नगरपालिकाको रिस्कु र अन्य क्षेत्र सिरिसे, हर्दिनी, उदयपुरगढी गाउँपालिकाको भलायाडाँडा र दनुवारबैंसी क्षेत्र बेसार उत्पादन पाकेट क्षेत्र रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

विगतमा परम्परागत प्रजातिको स्थानीय बेसार मात्र उत्पादन हुने गरेकामा केही वर्षदेखि काभ्रेमा उत्पादन हुने गरेको उन्नत सुगन्धा जातको बेसार खरिद गरेर उदयपुरमा यसको खेती सुरु भएको हो । उदयपुरमा सुगन्धा जातको उन्नत बेसार उत्पादन हुन थालेपछि अहिले वार्षिकरूपमा बेसार उत्पादनमा वृद्धि हुँदै गएको जिल्लाका कृषकले राम्रो आम्दानी गर्न थालेका छन् ।

जिल्लामा यस वर्ष झण्डै साढे तीन करोड बराबरको बेसार उत्पादन भएको छ । जिल्ला कृषि विकास कार्यालयका अनुसार पश्चिमी पहाडी क्षेत्रका सिरीसे, हर्दिनी, लेखानी, रिस्कु, तावाथी तथा मध्यक्षेत्रका साउने, खाँबु, आँपटार, पोखरी क्षेत्रमा बेसार उत्पादन भएका छन् । यस्तै पूर्वी क्षेत्रको मैनामैनी, बबला, चोदण्डी तथा सिद्धिपुर क्षेत्रमा समेत यस वर्ष बेसार उत्पादन बढेको स्थानीय कृषकले बताएका छन् ।

उदयपुरको पूर्वी क्षेत्रबाट उत्पादन हुने बेसार सुनसरीको धरान, इनारुवा, दुहबी तथा विराटनगर क्षेत्रमा निर्यात हुने गरेको छ । मध्य पहाडी क्षेत्रमा उत्पादन भएको बेसार सप्तरी तथा सिरहा क्षेत्रमा र पश्चिमी क्षेत्रको पहाडी क्षेत्रमा उत्पादित बेसार सिरहा तथा धनुषा क्षेत्रमासमेत निर्यात हुने गरेको छ ।

बेसार खेतीले कृषकलाई राम्रो आम्दानी दिँदै आए पनि यस वर्ष तराई बन्दका कारण बिक्रीमा अझैसम्म पनि उचित बजार पाउन नसकेको जिल्ला कृषि विकास कार्यालयका प्रमुख पवन गिरीको भनाइ छ ।

# अवैध नेटवर्किङ धन्दामा संलग्न भारतीय पक्राउ

भरतपुर (रासस)/ चितवनमा अवैध नेटवर्किङ व्यवसाय सञ्चालन गर्ने भारतीयहरूको गिरोह सक्रिय भएको भेटिएको छ । उनीहरूले यहाँका नागरिकलाई नेटवर्किङमा फसाएर ठग्ने गरेको पाइएको हो ।

जिल्ला प्रहरी कार्यालय चितवनले 'क्यु नेट' नामक नेटवर्किङ व्यवसायमा संलग्न दुई भारतीय तथा एक नेपाली गरी तीन जनालाई पक्राउ गरी सोमबार सार्वजनिक गरेको छ ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक ओमप्रसाद अधिकारीले नेटवर्किङ व्यवसाय सञ्चालन गरिरहेका तीन जनालाई नियन्त्रणमा लिएको बताए । २८ वर्षीय भारतीय नागरिक जितेश वर्मा, अर्का भारतीय नागरिक ३४ वर्षीय अंकित शर्मा र भरतपुर-२६ का ३६ वर्षीय सरोज घिमिरेलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

उनीहरूलाई भरतपुरमा रहेको सिजी ल्याण्डमार्कको फर्न रेसिडेन्सी चितवन होटलबाट नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । होटलमा केही मानिस जम्मा गरेर नेटवर्किङमा लाग्न प्रेरित गरिरहेको अवस्थामा उनीहरूलाई नियन्त्रणमा लिइएको प्रहरी उपरीक्षक अधिकारीले बताए । उनीहरूलाई नियन्त्रणमा लिएर अदालतबाट म्याद थप गरी थप अनुसन्धान अगाडि बढाइएको उनले जानकारी दिए ।

उनीहरूले 'क्यु नेट' नामक नेटवर्किङ सञ्चालन गरिरहेका थिए । उनीहरूले केही मानिसलाई पहिल्यै सदस्य बनाएर लगानी गर्न लगाइसकेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरी उपरीक्षक अधिकारीले बताए । उनीहरूले थप मानिसलाई सदस्य बन्न प्रेरित गरिरहेका थिए ।

कति मानिस सदस्य बने भन्ने कुरा अझै पनि अनुसन्धानकै क्रममा रहेको उनको भनाइ छ । उनीहरूविरुद्ध ठगीमा परेकाहरूले ठगी मुद्दामा प्रहरी कार्यालयमा जाहेरी दिइसकेका छन् । 'क्यु नेट' दर्ता पनि नगरिएको र यो नितान्त ठग्ने उद्देश्यले आएको प्रारम्भिक अनुसन्धानमा खुलेको अधिकारीले बताए ।

यी गतिविधि सिमानामा पर्ने नेपालका अन्य सहरमा पनि सञ्चालन गरेको हुनसक्ने अनुमान रहेको र यसबारे अनुसन्धान हुने उनले बताए । प्रहरी उपरीक्षक अधिकारीले भने, "नेपालमा पिरामिड शैलीमा हुने नेटवर्किङ अवैध छ । त्यसैले नेपालमा यो सञ्चालन गर्न पनि पाइँदैन । सदस्य पनि बन्न पाइँदैन । कोही पनि यो नेटवर्किङमा नलाग्नु हुन म आग्रह गर्दछु ।

## लामाटार सडक निर्माण अन्तिममा

काठमाडौं (रासस)/ विस्तारको क्रममा रहेको इमाडोल-लामाटार सडक निर्माण अन्तिममा पुगेको छ । झण्डै पाँच वर्ष पहिले निर्माण सुरु भएको सो सडकमा झण्डै ९५ प्रतिशत सकिएको छ । सडकमा अहिले अन्तिम काम मात्रै बाँकी रहेको काठमाडौं उपत्यका सडक विस्तार आयोजनाले जनाएको छ ।

डिभिजन सडक कार्यालय ललितपुरले गोदावरी पुल नजिकै निर्माण गर्नुपर्ने भएपनि नगरेकाले अहिले आयोजनाले नै गरिरहेको छ । पहिले घर भत्काउन बाँकी भएकाले निर्माण अघि बढ्न सकेको थिएन भने अहिले सो स्थानमा घर भत्किसकेको छ । उनले भने, "निर्माणस्थल खाली भइसकेकाले अहिले काम भइरहेको छ ।"

विगतका आर्थिक वर्षमा स्थानीयवासीको अवरोधका कारण सडक निर्माण अघि बढ्न सकेको थिएन । दुई वर्ष पहिले सरकारले विस्तारका सबै सडक उपलब्ध चौडाइमा कालोपत्र गर्ने निर्णय गरेपछि सडक निर्माण अघि बढेको हो ।

तीन वर्ष पहिले २० मिटर चौडाइ कायम गर्ने गरी ठेक्का सम्झौता भए पनि अहिले त्योभन्दा कम चौडाइमा कालोपत्र भइरहेको आयोजनाले जनाएको छ ।

# विद्यालयका छात्रालाई 'प्याड' सहयोग

सिमकोट (रासस)/ सर्केगाड गाउँपालिकाले विभिन्न विद्यालयमा अध्ययनरत छात्रालाई सेनेटरी प्याड वितरण गरेको छ । गाउँपालिकाले देवल आधारभूत विद्यालयमा अध्ययनरत छात्रालाई प्याड वितरण गरेको हो ।

महिनाबारी भएको समयमा लजाएर छात्रा विद्यालय आउन छोड्ने भएकाले उनीहरूलाई नि:शुल्क प्याड वितरण गरेको गाउँपालिकाले जनाएको छ । सर्केगाड-१ स्थित तुम्चामा अध्ययनरत सो विद्यालयका ६ कक्षा देखि ८ कक्षासम्मका छात्रालाई प्याड वितरण भएको विद्यालयका प्रधानाध्यापक कालीबहादुर रावतले जानकारी दिए ।

पालिकाभित्रका निम्न माध्यामिक विद्यालयस्तरका विद्यालयमा ११ लाई प्याड वितरण गरिएको छ । वितरणको क्रममा पनि छात्राले प्याड लिन लजाउने गरेको उनीलाई सम्झाइबुझाइ गरेर प्याड प्रदान गरिएको उनले बताए ।

**सिमकोटमा प्याड बैंक**

सिमकोटमा रेना सेनेटरी प्याड बैंक स्थापना भएको छ । हिमाली शिक्षा र विकास हेड नेपालको सहजीकरणमा 'स्वास्थ्य सफा, सेनेटरी प्याडको आवश्यकता : सहुलियत दरमा पूरा गर्ने हाम्रो प्रतिबद्धता' भन्ने संस्थागत नारासहित सिमकोटमा प्याड बैंक स्थापना गरिएको हो । महिलाका लागि कम्पनीको अधिकतम खुद्रा मूल्यमा बिक्री गर्ने उद्देश्यले प्याड बैंक स्थापना गरिएको हेड नेपालका छोमु लामाले बताए । सडक सञ्जालसँग नजोडिएका हुम्लामा काठमाडौंदेखि नेपालगञ्जसम्म एति एयरलाइन्स र नेपालगञ्जदेखि सिमकोटसम्म तारा एयरलाइन्सले नि:शुल्क प्याड ढुवानी गर्ने भएका कारण सिमकोटमा सहुलियतमा बिक्री गरिने भएको हो ।

सिमकोटमा आइपुगेका प्याड सर्वसाधरणसम्म पुऱ्याउन हिमाली शिक्षा र विकास हेड नेपालको कार्यालय, डोमा जनरलस्टोर, न्यु हिमालय ट्रेडिङ हाउस र विकास जनरलस्टोरमा पाइने भएको लामाले बताए ।

जिल्लामा विगतको समयमा कुरीतिको रुपमा हेरिने भए पनि अहिले समयानुकूल शिक्षाले परिवर्तन गरिसकेपछि महिनाबारीलाई सामान्य रुपमा हेरिने गरिन्छ ।

# संसद्को अवरोध हटाउन माओवादीले पहल गर्ने

काठमाडौं (रासस)/ नेकपा (माओवादी केन्द्र)ले संघीय संसद्को गत्यावरोध हटाउन विशेष पहल गर्ने भएको छ ।

सिंहदरबारमा मंगलबार बसेको संसदीय दलको बैठकले संसद्मा लामो समयसम्म अवरोध हुँदा महत्वपूर्ण विधेयकलगायत जनजीविकासँग जोडिएका क्षिय अगाडि बढ्न नसकेकाले निकासका लागि सकारात्मक पहल गर्ने निर्णय गरेको हो ।

प्रमुख प्रतिपक्षी नेकपा (एमाले)ले संसद्को अधिल्लो बैठक लगातार अवरोध गरेका कारण महत्वपूर्ण विधेयक अगाडि बढ्न सकेको थिएन । बैठकमा पार्टी अध्यक्ष एवम् संसदीय दलका नेता पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकको समसामयिक राजनीतिक अवस्था र संघीय संसद्को बैठकमा पार्टीका तर्फबाट खेल्नुपर्ने भूमिकाको बारेमा निर्देशन दिएका थिए ।

अध्यक्ष दाहालका स्वकीय सचिव रमेश मल्लका अनुसार बैठकमा अध्यक्ष दाहालले संघीय संसद्को बैठकमा प्रभावकारी भूमिका खेल्न र जनताको पक्षमा दक्षोसँग उभिन निर्देशन दिए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ

प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# कृषि सहकारीको ऋण लगानी २५ करोड

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको पश्चिमी क्षेत्र मनहरी गाउँपालिका वडा नम्बर ३ मा रहेको साना किसान कृषि सहकारी संस्था लिमिटेड हाडीखोलाले आफ्ना शेयर सदस्यलाई २५ करोड १० लाख ८० हजार ६ सय ८८ रुपैयाँ ऋण लगानी गरेको छ ।

सहकारीको १२ औं वार्षिक सधारणसभामा प्रस्तुत गरिएको प्रतिवेदनअनुसार सहकारीले आफ्ना शेयर सदस्यलाई २५ करोड १० लाख ८० हजार ६८८ कर्जा लगानी गरेको छ भने ८ करोड ८९ लाख ७८ हजार १८४ रुपैयाँ बचत रकम रहेको छ । सहकारीले बाह्य ऋण १६ करोड ८० लाख ८५ हजार लिएर आफ्ना शेयर सदस्यलाई लगानी गरेको प्रतिवेदनमा उल्लेख छ ।

१ करोड ८० लाख ५८ हजार २ सय शेयर पुजी रहेको सहकारीले आव २०७७/०७८मा ३१ करोड ६२ लाख ११ हजार ४१९ बराबरको कारोबार गरेको छ । सहकारीले गत आर्थिक बर्षमा ५७ लाख ५४ हजार रुपियाँ आम्दानी गरेको छ भने हालसम्म २५ करोड १० लाख रुपैयाँ लगानी गरेको छ । सहकारीमा ४०९ वटा समूहमा २ हजार ४ सय ७५ जना शेयर सदस्यहरु आबद्ध छन् । साधारणसभामा

संस्थाकी अध्यक्ष राधिका ठकुरीले गत आर्थिक बर्षमा गरिएको आर्थिक र सामाजिक क्षेत्रका काम कारबाही तथा चालू आर्थिक बर्षमा भइरहेका कार्यक्रमहरुको बारेमा प्रतिवेदन प्रस्तुत गरेका थिए ।

त्यसैगरी संस्थाका प्रबन्धक सुरेन्द्र तितुडको तर्फबाट गत आर्थिक बर्षको आर्थिक कारोबारबारेको प्रतिवेदन प्रस्तुत भएको थियो । लेखा समितिका तर्फबाट देवीमाया तामाङको तर्फबाट आन्तरिक लेखा प्रतिवेदन प्रस्तुत भएकोमा सबै प्रतिवेदनहरु पारित गरिएको थियो ।

साधारणमा सभामा साना किसान विकास लघु वित्त बैंक इलाका प्रबन्धक कृष्णकुमारी शर्मा, मनहरी साना किसान कृषि सहकारीका अध्यक्ष विमला कार्की, वडा नम्बर ३ का अध्यक्ष विष्णुबहादुर थिङ, ४ का अध्यक्ष ध्रुव खड्का, सहकारीका संस्थापक अध्यक्ष निर्मला उप्रेती , लेखा संयोजक देवी तामाङ लगायतको आतिथ्यता रहेको थियो ।

साधारणसभामा मनहरी गाउँपालिका अध्यक्ष एकराज उप्रेतीको प्रमुख अतिथ्यता रहेको थियो । कार्यक्रममा साना किसान बैंकका प्रबन्धक कृष्णकुमारी शर्मा, साना किसान कृषि सहकारी संस्था मनहरीकी अध्यक्ष बिमला कार्की, सोही संस्थाका प्रबन्धक ज्योति सुवेदी, साना किसान कृषि सहकारी संस्था लमिटारका सल्लाहकार नरहरि नन्दन उप्रेती, ४ नं वडाध्यक्ष ध्रुव खड्का लगायतले शुभकामना ब्यक्त गरेका थिए । कार्यक्रम संस्थाकी अध्यक्ष राधिका ठकुरीको सभाध्यक्षतामा भएको हो ।

## हेटौंडाका विद्यालयमा बालबालिकालाई मोडेर्ना खोप लगाइने

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिकाले विद्यालयमै गएर बालबालिकालाई कोरोना भाइरस (कोभिड-१९) संक्रमणविरुद्ध को मोडेर्ना खोप लगाउने भएको छ ।

उपमहानगरपालिका क्षेत्रभित्रका सबै सामुदायिक तथा निजी विद्यालयमा गएर कोरोनाविरुद्ध मोडेर्ना खोप लगाइने भएको उपमहानगर पालिकाका प्रमुख हरिबहादुर महतले बताए । उनका अनुसार, १२ वर्षदेखि १७ वर्ष उमेर समूहका बालबालिकालाई कोरोनाविरुद्धको मोडेर्ना खोप लगाइने भएको हो ।

त्यसका लागि विद्यालयका स्वास्थ्य शाखाबाट सबै तयारी भइरहेको उनको भनाई छ । कोरोनाको नयाँ भेरिएन्टबाट बच्नका लागि पनि अपनाउनुपर्ने सावधानीका विषयमा प्रचारप्रसार गरिएको र किशोर किशोरीहरुलाई पनि खोप दिन लागिएको उनले बताए । अमेरिकी कम्पनी मोडेर्नाको थप १४ लाख ९७ हजार मात्रा खोप नेपाल ल्याइएको छ । विद्यालयहरूमा रहेको विद्यार्थी संख्याका आधारमा खोप पठाइँदै छ ।

यसपटक अस्पतालबाहेक विद्यालय नै खोप केन्द्र रहनेछ । त्यही अनुसार आगामी पुस ४ गते विद्यालयहरुमा गएर खोप लगाइने हेटौंडा उपमहानगरपालिका स्वास्थ्य शाखाका प्रमुख भोला चौलागाईले जानकारी दिए ।

## लालीगुराँसमा पुन: प्रधानको नेतृत्व

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको उत्तरी क्षेत्र थाहा नगरस्थित लालीगुरँस महिला बहुउद्देश्यीय सहकारी संस्थाको अध्यक्षमा पुन: रिता प्रधान अध्यक्षमा चयन भएकी छन् ।

मंगलबार सम्पन्न संस्थाको बन्दसत्रले प्रधानलाई निर्विरोध चयन गरेको हो । निर्वाचन कमिटीका अनुसार संस्थाको उपाध्यक्षमा राजनमाया प्रधान, सचिवमा शान्ता ढकाल रिमाल र कोषाध्यक्षमा नानीछोरी प्रधान सर्वसम्मत चयन भएको छ । १३ सदस्यीय सञ्चालक समितिको सदस्यहरुमा ललिता प्रधान, रजना प्रधान, उर्मिला कार्की, सुनिता थापा, सुनिता सुनार, जमुना देउला, सुशिला मगर, रितु कार्की र मिना केसी चुनिनु भएको छ ।

यसैगरी लेखा सुपरिवेक्षण समितिको संयोजकमा पुन: गौरी प्रधान सर्वसम्मत चुनिनु भएको छ । समितिको सदस्यहरुमा सरस्वती जिम्बा र सुशिला प्रधान चुनिनु भएको छ ।

## बसामाडीमा पक्की सडक निर्माण सुरु

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिका वडा नम्बर-३ बसामाडीमा पक्की सडकको शिलान्यास गरिएको छ । उपमहानगरपालिकाका मेयर हरि बहादुर महतले पक्की सडकको शिलान्यास गरेका हुन् । हेटौंडाको ग्रामिण क्षेत्रमा पनि पक्की सडक निर्माण गर्ने अभियानलाई जारी राख्दै बसामाडीको भित्री सडकमा स्लाब ढालन गर्न सुरु गरिएको मेयर महतले बताए । चार मिटर चौडाई रहेको यस सडक ३ सय ५६ मिटर लम्बाइको बन्ने छ । कुल १८ लाख रुपैयाँ लागमा पहिलो चरणमा सडक पक्की निर्माण गर्न लागिएको उनले बताए । यस सडक पक्की निर्माण सुरु भएपछी यस क्षेत्रका स्थानीय वासिन्दाहरु खुसी भएका छन् । कार्यक्रममा हेटौंडा-३ का वडा अध्यक्ष रामकुमार पुडासैनी लगायतकाको आतिथ्यता रहेको थियो ।

*मुख्यमन्त्री पाण्डेको अनुरोध*

# 'मेरो नाममा जिन्दावाद नभन्नूस्'

साझाकुरा संवाददाता

हेटौंडा/नेकपा एकीकृत समाजवादीका केन्द्रीय उपाध्यक्षसमेत रहेका बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले आफ्नो नाम लिएर कहिँ-कतै कुनैपनि अवस्था जिन्दावाद नभन्न पार्टीका कार्यकर्तालाई अनुरोध गरेका छन् ।

उनले मनहरी गाउँपालिका-९ ज्यामिरेमा वडा सम्मेलनलाई सम्बोधन गर्दै बाम एकताको नाटक गरेर अर्जित शक्ति प्रयोग गरी राजतन्त्र झैं शासन गर्ने र आफूलाई राजाको रुपमा अघि सारिएछि ओलीको ओरालो बाटो सुरु भएको बताए ।

'एमालेका कार्यक्रममा ओलीबाहेक अरु अग्रज कम्युनिष्ट नेताको फोटोहरु नराख्ने, ओली जिन्दावाद' भनेर नारा उराल्ने कामहरुले राजतन्त्र सम्झाएको उनको भनाइ थियो ।

उनले भने, 'भ कार्यक्रममा आउँदै गर्दा मलाई माला लगाएर तपाईहरुले पनि राजेन्द्र पाण्डे जिन्दावादको नारा लगाउनु भयो भने, त्यो गलत हो त्यस्तो कदापी नगर्नुहोला ।' आफूले राम्रो काम गर्न सके संँढै जिन्दावाद नै भइरहने भन्दै उनले ओली प्रवृत्ति समाजवादी पार्टीमा देखाउन नहुने बताए ।

केपी ओलीले राजतन्त्रको झल्को दिनेगरी पार्टी र सरकार सञ्चालन गर्न थालेपछि बिद्रोह गरिएको दाबी गरे । उनले गिरीबन्धु काण्डलगायत थुप्रै घटनामा अर्बौं भ्रष्टाचार गरेर ओली नेतृत्वको सरकारले आम बामपन्थी समर्थक र मतदाताहरुलाई धोका दिएको आरोप लगाए । चुनाव चिन्हको प्रशंग कोट्याउँदै मुख्यमन्त्री पाण्डेले आफू पन्चायतकालमा हाती चुनाव चिन्हमा चुनाव लडेको र अत्यधिक मत ल्याएको स्मरण गराए ।

उनले आफु अन्य चुनाव चिन्हहरुमा पनि बिजय भएको उदाहरण प्रस्तुत गर्दै उनले सूर्य चुनाव चिन्ह देखाएर केही समय मानिसहरुलाई भ्रममा पार्ने काम एमालेले गरिरहेकाले त्यस्तो भ्रममा नपर्न कार्यकर्तालाई अनुरोध गरे ।

मुख्यमन्त्री पाण्डेले खानेपानी पहिलो प्राथमिकतामा राखी आफूले काम गरिरहेको र सिंचाई, बाटोघाटो लगायतका पूर्वाधार विकासका लागि प्रदेश सरकारले तत्कालै लगानी गर्ने भएकाले त्यस्ता योजनाहरु ल्याउनका लागि जनसमुदायमा आग्रह गरे । कार्यक्रममा बोल्दै केन्द्रीय सदस्य एबम् संविधानसभा सदस्य राजाराम स्याङ्तानले सामाजिक हिसाबले निस्वार्थ भएर काम गर्ने व्यक्तिहरु लोकप्रिय भएर चुनाव जिल्ने उदाहरणहरु प्रशस्तै रहेको बताए । उनले आगामी निर्वाचनमा नेकपा एकीकृत समाजवादीको पक्षमा लहर आउने दाबीसमेत गरे ।

कार्यक्रममा जिल्ला सचिव बिष्णुप्रसाद दाहाल, जिल्ला सचिवालय सदस्य एबम् मनहरी इन्चार्ज भूमिनन्द अर्याल, जिल्ला सचिवालय सदस्य तथा मनहरी गाउँपालिका उपाध्यक्ष मनिला बिष्ट, जिल्ला सचिवालय सदस्य कृष्ण चेपाङ, युवा संघ नेपाल मनहरी गाउँ कमिटी अध्यक्ष कृष्णचन्द्र पुरी, जिल्ला सदस्य अप्सरा ढुंगानालगायतले शुभकामना ब्यक्त गरेका थिए ।

जिल्ला सदस्य एबम् ९ नं वडाध्यक्ष साधुराम अधिकारीको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

# हेटौंडामा तीन दिने जडिबुटी खेती तालिम सुरु

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडामा प्रदेश स्तरीय तीन दिने जडिबुटी खेती तालिम सुरु भएको छ । तालिम बनस्पती अनुसन्धान केन्द्र मकवानपुरको आयोजनामा हेटौंडा उपमहानगरपालिका वडा नम्बर १३ स्थित प्रस्ताविक मभुवा होमस्टे क्षेत्रमा मंगलबारबाट सुरु भएको हो । सहकारीहरुको सहभागितामा भएको तालिमको उद्घाटन नेपाल जडिबुटी सहकारी महासंघ केन्द्रीय अध्यक्ष एंव सहकारी बोर्डका सदस्य इश्वरीप्रसाद पाण्डेले गरेका हुन् ।

सो क्रममा प्रमुख अतिथि पाण्डेले जडिबुटीजन्य वस्तु उत्पादन गरी आर्थिक क्षेत्रमा सुधार आउन उद्यम विकास तालिम आवश्यक रहेको बताए । उनले खेर गएका र नचिनिएका जडिबुटिलाई पहिचान गरी संकलन तथा खेती गरी खरिद बिक्री गर्न सके आर्थिकस्तर पाटो बलियो हुने बताए । भूगोलअनुसार जडिबुटी खेतीलाई प्रोत्साहन गर्न सरकारले उचित बजेटको व्यवस्था गरी खेर गएका जडिबुटीलाई संकलन गरी बिक्री-वितरण गर्न सके देशको आर्थिक पाटोलाई बलियो बनाउने बताए ।

जडिबुटी खेतीले आर्थिक पाटोलाई मात्र नभई सामाजिक, पर्यटन, पर्यावरणमा समेत सघाउ पुग्ने बताउदै उनले भूगोल अनुसारको योजना र योजना अनुरुपको सपना पुरा हुने बताए । कार्यक्रममा हेटौंडा वडा नम्बर १२ का वडा अध्यक्ष ललित बहादुर घलान, १३ का मनोजकुमार वाइवा, १४ का अध्यक्ष दीपक खड्का, नेपाल जडिवुटी सहकारी महासंघ केन्द्रीय कोषाध्यक्ष मिरा तामाङ, प्रस्ताविक मभुवा होमस्टेका सञ्चालक शंकर मोक्तान, सुरज थिङ तथा सञ्चारकर्मीको अतिथ्यता रहेको थियो । प्रदेशका १३ जिल्लाका प्रारम्भिक सहकारी संस्था र जिल्ला जडिबुटी सहकारी संघका प्रतिनिधिहरुको सहभागिता रहेको तीन दिन सञ्चालन हुने तालिममा बनस्पती अनुसन्धान र जडिबुटिको परिचय, ड्रयागन फ्रुट, मेवा तथा च्याउ खेती, जडिबुटीबारे विद्यमान नीतिगत प्रावधान, बागमती प्रदेशमा जडिबुटी खेतीको विस्तार, सम्भाव्यता, समस्या, चुनौती र अवसरका साथै प्रशोधनबारे जानकारी, कालीकाठ, लौठसल्ला,

कुरिलो र चिराइतो खेतीप्रविधि, जडिबुटीको बजारीकरणको अवस्था, जडिबुटी नर्सरी प्रविधि, संकलन तथा दिगो बजारका विषयमा छलफल गरिने जनाइएको छ ।


**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 3 | Lab Technologist | 1 | 18000-25000 | BMLT/NHPC registered |
| 4 | CMA/ANM | Few | Negotiable | TSLC |
| 5 | Public Relations | 1 | 18000-250000 | BBS/BBA completed |
| 6 | Receiptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae within 10 days of the first publication of this notice.


**मतदाता नामावलीमा नाम दर्ता गराउने सम्बन्धि**

**प्रदेश निर्वाचन कार्यालय, हेटौंडाको सूचना**

मतदाता नामावली संकलन विशेष कार्यक्रम, २०७८ अन्तर्गत २०७८ मंसिर १७ गतेदेखि २०७८ पौष २ गतेसम्म बकैया, मकवानपुरगढी, भिमफेदी, इन्द्रसरोवर र मनहरी गा.पा.को केन्द्रमा र २०७८ पौष ५ गतेदेखि २०७८ पौष १९ गतेसम्म बागमती, कैलाश, राक्सिराङ गा.पा. र थाहा न.पा. को केन्द्रमा र हेटौंडा उपमहानगरपालिकाको हकमा प्रदेश निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालयमा मतदाता नामावली संकलन कार्य हुने भएकाले मतदाता नामावलीमा नाम दर्ता गर्न छुटेका नेपाली नागरिकता प्राप्त व्यक्तिहरुले नागरिकता, बसाई सराइ, विवाह दर्ता प्रमाणपत्रको सक्कल र फोटोकपी समेत लिई आ-आफ्नो स्थानिय तहको केन्द्रमा वा प्रदेश निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालय, हेटौंडामा गई नाम दर्ता गराउनु हुन अनुरोध छ ।




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**

हेटौंडा-४, रजतजयन्ती,

फोन: ९८४१७७७१६६४, ९८५५०३१६६४

***www.sajhakuranews.com* सर्च गर्न नभुल्नुहोला ।**

*"तपाई, हामी सबैको कुरा"*

साझाकुरा

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोस्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल